अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु अजय प्रकाश, रीता देवी, राम प्रकाश साह, राम नरेश प्रसाद यादव, समिश विक्रम शाह, मनोज प्रसाद जैसवाल, राजेश कुमार साह, मो.मकसुद आलम, सरोज कुमार साह, बबिता कुमारी चौधरी र योगेन्द्र साह मु.नं (०८०-CR-०२०४) फैसला मिति २०८१/०५/३१	गैरकानूनी लाभ वा हानी पुऱ्याउने बद्नियत राखी एवं गलत प्रतिवेदन पेश गरी भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** •जिल्ला रौतहट,कटहरीया नगरपालिका अन्तर्गत आ.व.२०७८/०७९ मा नगरपालिकाको वडा नं. २ जमुनिया बजारमा रहेको अधुरो सामुदायिक भवनमा टायल्सको काममा ३० लाख रुपैयाँ विनियोजन भएकोमा उपभोक्ता समितिको अध्यक्ष सरोज साहले स्वीकृत लागत अनुमान बमोजिम कार्य नगरी कमसल कार्य गरी व्यापक अनियमितता गरेको भन्ने समेत बेहोराको आयोगमा दर्ता हुन आएको उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादीहरु **कटहरिया नगरपालिकाका नगर प्रमुख अजय प्रकाशलाई** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु. १२,५२,९४१।९५ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन, **प्रमुख प्रशासकीय अधिकृत राम प्रकाश साह र इन्जिनियर राजेश कुमार साहलाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) को साथै दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा बिगो रु. १२,५२,९४१।९५ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १९(२) बमोजिम सजाय हुन,**नगर उपप्रमुख रीता देवी,योजना शाखा प्रमुख राम नरेश प्रसाद यादव,कार्यपालिका सदस्य समिश बिक्रम शाह,मनोज प्रसाद जैसवाल र इन्जिनियर मो.मकसुद आलमलाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन र **उपभोक्ता समिति अध्यक्ष सरोज कुमार साह, कोषाध्यक्ष बबिता कुमारी चौधरी र सचिव योगेन्द्र साहको हकलाई**	**फैसलाः** प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •वास्तविक काम भन्दा बढी भुक्तानी लिएको रु.१२,५२,९४१।९५ मुद्दा पर्नु अघि मिति २०८०/०४/११ मा सरकारी खातामा दाखिला गरेको। •प्रतिवादीहरुले नगरपालिकाको सम्पत्ति नोक्सानी गरी लिनेखाने बदनियतले कार्य गरेको पुष्टि हुन आएन।	•प्रस्तुत मुद्दामा वास्तविक काम भन्दा बढी भुक्तानी लिएको बिगो रु.१२,५२,९४१।९५ मुद्दा पर्नु अघि नै सरकारी खातामा दाखिला गरेको भन्ने आधारको सन्दर्भमा विवेचना गर्दा,प्रतिवादीहरु अजय प्रकाश समेतले यस आयोगको कार्यालयमा कसुरमा इन्कार रही मिति २०८०/०४/१० मा बयान गरेता पनि सोही मितिको भोलिपल्ट नै हतार हतारमा मिति २०८०/०४/११ गते सरकारी खातामा हानी नोक्सानी भएको उक्त बिगो जम्मा गरेबाट नै निज प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसुर गरेको आफैमा पुष्टि हुन्छ। प्रतिवादी मध्येका तत्कालिन कटहरिया नगपालिकाका इन्जिनियर राजेश कुमार साहले अदालत समक्ष आफु ज्यालादारीमा कार्यरत कर्मचारी रहेको र उक्त सामुदायीक भवनमा टायल विछ्याउने कार्य अगाडि देखिनै सुरु भएर सम्पन्न हुन लागि सकेपछि उक्त योजनाको स्टिमेट मैले इन्कार गर्दा गर्दै मलाई दवाबमा पारी बनाउन लगाइएको हो,नगरपालिकाका अर्को इन्जिनियर मकसुद आलमले स्टिमेट बमोजिमकै नापी किताव तयार गरी अन्य फाइलहरुको बिचमा राखि मलाई हस्ताक्षर गराइएको हो,सो योजनाको कार्य सकिदा मेरो म्याद थप पनि गरिएको थिएन पछि म कार्यरत नरहेकै समयमा मेरो नामबाट किर्ते दस्तखत गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा इस्टिमेट अनुसारको काम भएको भनी प्राविधिक प्रतिवेदन दिएका रहेछन्,उक्त प्रतिवेदन मैले बनाएको होइन भनी स्वतन्त्र रुपमा बयान गरेकोबाट प्रतिवादीहरु अजय प्रकाश समेतको मिलेमतोमा बदनियतपूर्वक लागत स्टिमेट नबनाइ कार्य शुरु गरेको र किर्ते प्रतिवेदन दिई सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको भन्ने स्वतन्त्र प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदर भागी छ। •जिल्ला रौतहट, कटहरिया नगरपालिका वडा नं.२ स्थित जमुनिया बजारमा रहेको सामुदायिक भवनमा टायल्स फ्लोरिङको काममा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान रु.३०,००००।–(अक्षरेपी तीस लाख) प्राप्त भएकोमा मिति २०७९/०२/३१ मा बौद्धीमाई उपभोक्ता समिति कटहरिया-२ सँग अधुरो सामुदायिक भवन निर्माण कार्य अन्तर्गत टायल्स फ्लोरिङको कार्य गर्नका लागि कुल रु.३१,८८,२५९।९५ (अक्षरेपी एकतीस लाख अठासी हजार दुई सय उनन्साठी रुपैया पैसा पन्चानब्बे) को लागत अनुमानमा नगरपालिका र उपभोक्ता समितिले व्यहोर्ने गरी योजना सम्झौता गरी मिति २०७९/०३/२२ गते सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७९/०२/३१ मा कार्यादेश दिएको देखिन्छ। सो अनुसार Ground Floor, Second Floor,Staircase र Column's, wall, partition समेतमा कुल १२०४.३० वर्ग मि. को लागत परिमाण स्वीकृत गरिएको देखिन्छ। सामुदायिक भवनको भुक्तानी हुँदाको नापी किताबमा चढाएको Tile Flooring परिमाण Ground Floor, Second Floor, Stair Case,Columns , wall समेतमा कुल जम्मा ११९४.४१ वर्ग मि. रहेको देखिन्छ। सामुदायिक भवनको आयोगको कार्यालयबाट स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन अनुसार Tile Flooring को परिमाण जम्मा ७२०.८१ वर्ग मि. मात्र काम भएको देखिन्छ। यसरी कम परिमाणमा काम भएको अवस्थामा पनि नापी किताब, कार्यसम्पन्न प्रतिवेदनमा जम्मा ११९४.४१ बर्ग मि.कार्य भएको भनी सोही परिमाणको रकम नगरपालिकाबाट भुक्तानी दिएको देखिन्छ। फिल्डमा भए गरेको कार्य भन्दा बढी परिमाण ४७३.६० sq.m को स्वीकृत दर रु.२,६४५।५७ को दरले आउने कुल जम्मा रकम रु.१२,५२,९४१।९५ (अक्षरेपी बाह्र लाख बाउन्न हजार नौ सय एकचालीस रुपैया पैसा पन्चानब्बे) बढी रकम भुक्तानी दिएको देखिन्छ भने स्थलगत प्रतिवेदनका प्रतिवेदकहरु र मुचुल्काका साक्षी जितलाल महतो,हरिन्द्र साह कलवार,सुर्य नारायण झा र अरुण कुमार साह समेतले

			भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु. १२,५२,९४१।९५ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन समेतको मागदावी लिइएको देखिन्छ। **अदालतको फैसला** •प्रतिवादी अजय प्रकाश समेतले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर भई विशेष अदालतबाट फैसला भएको देखिन्छ।		प्रतिवेदन र मुचुल्कामा भएको व्यहोरा र सहिछाप मेरो समेत हो भनी मुचुल्का र प्रतिवेदनको व्यहोरा समर्थित हुने गरी अदालत समक्ष बकपत्र गरी दिएको देखिंदा प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम उक्त बकपत्रलाई प्रमाणमा ग्रहण गर्नुपर्नेमा उल्लिखित सबुद प्रमाणलाई ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण छ। •प्रतिवादीहरुले नापी कितावमा काम नै नभएको कामलाई बढाई चढाई ४७३.६० sq.m को गलत नापजाँच देखाई प्रतिवेदन गरी सोको प्रचलित स्वीकृत दर रेटले हुन आउने बिगो रु.१२,५२,९४१।९५ बढी भुक्तानी दिई हिनामिना गरेको तथ्य पुष्टि भई निजहरु उपर उजुरी परी अनुसन्धान शुरु भए पश्चात उक्त कसुरजन्य कार्यमा परिवर्तन ल्याई आफुहरु उन्मुक्ति लिने उदेश्यले सरकारी खातामा उक्त रकम जम्मा गरेको अवस्था देखिन्छ।निज प्रतिवादीहरुले कसुरबाट उन्मुक्ती पाउने उदेश्यले उक्त रकम यस आयोगको कार्यालयमा उजुरी परि सकेपछि दाखिला गर्दैमा फौजदारी दायित्वबाट उन्मुक्ति दिन नमिल्ने हुँदा आरोप मागदावी बमोजिमको कसुरमा सजाय गर्नु पर्नेमा सो तथ्यलाई प्रतिवादीहरुलाई उन्मुक्ति दिने उदेश्यले व्याख्या गरी सफाई दिई भएको फैसला त्रुटि पूर्ण छ। •प्रतिवादीहरुले नगरपालिकाको सम्पत्ति नोक्सानी गरी लिनेखाने बदनियतले कार्य गरेको पुष्टि हुन आएन भन्ने आधारको सन्दर्भमा हेर्दा, सम्मानित सर्वोच्च अदालतबाट **सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको सर्वोच्च अदालत बुलेटिन,वर्ष १८,अंक १५,मंसिर २०६६,पूर्णाङ्क ४१७,पृष्ठ १९मा** "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिन वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ।प्रस्तुत सन्दर्भमा प्रतिवादीहरुले क्रियातत्व हेर्दा मासी खाएको रकम वेरुजु प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट काम कारवाही भएको देखिन्छ।यस्तो कार्य भष्टाचारजन्य कसूर अन्तर्गत पर्ने"।भन्ने नजिर सिद्धान्त समेत प्रतिपादन भएको अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने मनसाय राखि नभए नगरेको कार्य भए गरेको भनी नभएको काम समेत नापी कितावमा चढाई/चढाउन लगाई बदनियत पूर्वक कम काम भएकोमा बढी काम भएको देखाई रु.१२,५२,९४१।९५ (अक्षरेपी बाह्र लाख बाउन्न हजार नौ सय एकचालीस रुपैया पैसा पन्चानब्बे) बढी भुक्तानी लिई दिई राष्ट्रसेवकले आफू तथा उपभोक्ता समितिका पदाधिकारीहरुलाई गैरकानुनी लाभ पुर्याउने कार्य गरेको तथ्य पुष्टि भएकोले भ्रष्टाचारजन्य कसुर अन्तर्गत बिगो भराउने देवानी दायित्वको विषयमा प्रतिवादीहरुले बिगो दाखिल गरेतापनि ऐन अनुसार हुने कैद र जरिवाना जस्ता फौजदारी दायित्व समाप्त नहुने कानूनी सिद्धान्त विपरित निज प्रतिवादीहरुले खाई मासेको बिगो समेत सरकारी खातामा जम्मा गर्नुबाटै भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदा हुँदै उल्लिखित नजिर सिद्धान्तको प्रतिकुल हुने गरी भएको उक्त फैसला त्रुटि पूर्ण रही बदर भागी छ। • अतः माथि विवेचित आधार र कारण समेतबाट **प्रतिवादीहरु अजय प्रकाश,रीता देवी,राम प्रकाश साह,राम नरेश प्रसाद यादव,समिश विक्रम शाह,मनोज प्रसाद जैसवाल,राजेश कुमार साह,मो.मकसुद आलम,सरोज कुमार साह,बबिता कुमारी चौधरी र योगेन्द्र साहलाई** आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।